# स्थानीय राजपत्र

## इन्द्रसरोवर गाउँपालिका द्धारा प्रकाशित

खण्ड १ संख्या २ मिति २०७५/०६/२०

## भाग-१

## इन्द्रसरोवर गाउँपालिका शिक्षा ऐन

## २०७५

**प्रस्तावना**

यस गाउँपालिका तथा देशको विकासको लागि सबै बालबालिकाका साथै युवाहरूको लागि गुणस्तरीय, सर्वसुलभ शिक्षा प्रदान गरी यस क्षेत्रको लागि आवश्यक पर्ने सिपयुक्त, दक्ष जनशक्ति उत्पादन गर्नुका साथै सर्वसाधारण जनतालाई समयानुकुल ज्ञान प्रदान गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकुलको सदाचार, आचरण र नैतिकता कायम राख्न यस गाउँपालिका भित्र सञ्चालन गरिएका विद्यालयहरूमा गुणस्तरीय सुधार गर्न वान्छनीय देखिएकोले, संघीय गणतन्त्र नेपालको संविधान २०७२ को धारा २२१ ,अनुसूची -८ को सूची नं ८ तथा "स्थानिय सरकार सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन , २०७४ को परिच्छेद -१५ को दफा - १०२ को उपदफा (१) बमोजिम इन्द्रसरोवर गाउँपालिकाको सभाले यो ऐन बनाएको हो ।

# परिच्छेद-१
## प्रारम्भिक
## संक्षिप्त नाम र परिभाषा

**१.संक्षिप्त नाम र प्रारम्भ**

क) यस ऐन को नाम " इन्द्रसरोवर गाउँपालिका शिक्षा ऐन –२०७५" रहेको छ ।

ख) यो ऐन इन्द्रसरोवर गाउँपालीका भरि लागु हुने छ ।

ग) यो ऐन इन्द्रसरोवर गाउँपालीकाको राजपत्रमा प्रकाशन भएपछि लागु हुने छ ।

**२. परिभाषा : विषय वा प्रंङ्गगले अर्को अर्थ नलागेमा यस ऐनमा**

क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ख) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा बुझ्नु पर्नेछ ।

ग) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि बाह्रसम्म दिइने शिक्षा बुझ्नु पर्नेछ ।

घ) "गाउँपालिका" भन्नाले इन्द्रसरोवर गाउँ कार्यपालिका बुझ्नु पर्नेछ ।

ङ) "गाउँसभा भन्नाले" इन्द्रसरोवर गाउँपालिकाको गाउँ सभालाई बुझ्नु पर्नेछ ।

च) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन,बहिरा,अटिज्म,बौद्धिक अपाङ्गता सुस्तश्रवण वा अतिअशक्त शारीरिक

अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा बुझ्नु पर्नेछ ।

छ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुबै शिक्षा बुझ्नु पर्नेछ ।

ज) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सिप, दक्षता तथा बिषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा ९ देखि कक्षा १२ सम्म अध्यापन गराइने शिक्षालाई बुझ्नु पर्नेछ ।

झ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिको नेपाल

सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

ञ) "संस्थागत विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा

अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय बुझ्नु पर्नेछ ।

ट)"शिक्षा प्रमुख" भन्नाले गाउँपालिका भित्र शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन,अनुगमन र मूल्याङकन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न नेपाल सरकारले खटाएको कर्मचारी बुझ्नु पर्नेछ ।

ठ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी बुझ्नु पर्नेछ ।

ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तरर्गत बनेका नियमावलीमा तोकिएको वा

तोकिए बमोजिम बुझ्नु पर्नेछ ।

ढ) “अनुमति” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

ण) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले

दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

त) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले आवासीय विद्यालयको रूपमा स्वीकृति

प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

थ) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा समुदायले नाफा आर्जन नगर्ने उद्धेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी बुझ्नु पर्नेछ ।

द) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाईभर्सिटी इमिग्रेन्ट भिसा, परमानेन्ट रेजिडेन्ट भिसा वा ग्रीन कार्ड सम्झनु पर्दछ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

ध) “प्रारम्भिक बाल शिक्षा” भन्नाले ४ बर्ष मुनिका बालबालिकाहरूलाई दिइने एक बर्षको प्रारम्भिक बाल

शिक्षा बुझ्नु पर्नेछ ।

न) "पूर्व प्राथमिक विद्यालय" भन्नाले ४ वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक बर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय बुझ्नु पर्नेछ ।

## परिच्छेद-२
## विद्यालय खोल्ने अनुमती वा स्वीकृत, गाभ्ने र खारेजी सम्वन्धी व्यवस्था

**३. विद्यालय खोल्न अनुमति लिनु पर्नेः**

(१) नेपाली नागरिक वा नेपाली नागरिकको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत संस्थागत

विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिकामा तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर आवश्यक जाँचवुझ गर्ने छ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी गाउँ शिक्षा समितिको सफारिसमा तोकिएको अधिकारीले अनुमति दिने छ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका सर्त बन्देज पालन गरेको नदेखिएमा

गाउँ शिक्षा समितिको निर्णयमा तोकिएको अधिकारीले स्वीकृति रद्द गर्न सक्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका वखत कम्पनीको रूपमा सञ्चालन गरेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज

गरि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्ने छ ।

(५) उपदफा (२) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर छानविन गर्ने छ र जाँचबुझ

गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न वडा शिक्षा

समितिको सिफारिसमा पुन : अनुमति तथा स्वीकृति दिने छ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयहरूलाई शैक्षिक गुठीका

रूपमा सञ्चालन गर्न पाउने अनुमति वा स्वीकृति दिइने छैन :

क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान, दातव्य दिएकोमा सो भवनमा वा

त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय

(७) यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायबमोजिम गर्नु पर्ने छ :

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङगठित संस्थाको रूपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तिमा पाँचजना र निजी गुठी भए

कम्तिमा तीनजना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठीको आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा

परीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेष पछि गुठीयारको रूपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छन । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्ने छ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्यवाट विद्यालय सञ्चालन गर्न

चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यायलयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) माथि उल्लेखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशि शिक्षणसंस्था सँग सम्बन्धन

कायम गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसँग

सम्झौता भएको अवस्थामा त्यस्ता विद्यालयहरुलाई अनुमति दिन सकिने छ ।

(११) विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**४. गाउँपालिकाले विद्यालय गाभ्न, सार्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

१) गाउँपालिकाले हाल सञ्चालनमा रहेका विद्यालयहरूलाई दुरीको आधारमा गाभ्न, एक ठाउँबाट अर्को ठाउँमा सार्न वा आवश्यक नभएको पर्याप्त आधार भएमा बन्द गर्न वा आवश्यक क्षेत्रमा विद्यायलय खोल्न वा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन वा नाम परिवर्तन गर्न गाउँ शिक्षा समितिको निर्णयमा सक्नेछ ।

२) उपदफा (१) बमोजिम गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तीको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

**५. अनुमति वा स्वीकृति रद्ध गर्नेः**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा गाउँ कार्यपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति रद्ध गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

**६. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्ने :**

(१) कसैले पनि यस ऐन बमोजिम गाउँपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, ट्यूसन सेन्टर भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशीमुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम, छात्रबास, सिपमूलक तालिम केन्द्र सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा,ब्रिजकोर्ष, कोचिङ्ग, ट्यूसन सेन्टर, भाषा शिक्षण कक्षा वा पूर्वतयारी

कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्वन्धि व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**७. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारीक शिक्षा,निरन्तर शिक्षा, दूर शिक्षा तथा खुल्ला शिक्षा सञ्चालन**

**सम्बन्धी व्यवस्था :**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर

शिक्षा, दूरशिक्षा तथा खुल्ला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**८. प्रारम्भिक बालविकास केन्द्र सम्वन्धि व्यवस्थाः**

प्रारम्भिक बालविकास केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९. सामुदायिक सिकाईकेन्द्र सञ्चालन गर्न सक्ने :**

गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-३

## शिक्षाको प्रकार,माध्यम ,पाठ्यक्रम र परिक्षा संचालन सम्वन्धि व्यवस्था

**१०. माध्यमिक शिक्षाको प्रकार :**

माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्:

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

**११. शिक्षाको माध्यमः**

क) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा हुनेछ।

ख) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको

माध्यम देहायबमोजिम हुन सक्नेछ :

(१) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ ,

(२) गैह्र नेपाली नागरीकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको र अन्य कुनै

भाषाको विषय अध्ययन गर्न सक्नेछ ,

(३) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुने ,

(४) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा शिक्षाको माध्यम अंग्रेजी भाषा नै हुने छ।

**१२. विद्यालयको वर्गीकरणः**

गाउँपालिका अन्तर्गतका विद्यालयहरूलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

**१३. विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तकः** विद्यालयले नेपाल सरकारले तोकेको न्युनतम मापदण्ड पूरा गरी आवश्यक सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्ने छ। विद्यालयले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही स्थानिय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सक्नेछ। सो प्रयोजनको लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकाश केन्द्र गठन गरी पाठ्यक्रम विकाश गर्न सक्नेछ।

## १४.परीक्षा सञ्चालन :

१) आधारभूत शिक्षा उतिर्ण परिक्षाको संचालन र व्यबस्थापन गर्नको लागि देहाय वमोजिमको आधारभूत शिक्षा उतिर्ण परिक्षा समिति रहनेछ ।

- प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष/ संयोजक
- गाउँपालिका भित्रका विधालयका प्र.अ हरुमध्ये १ जना महिला समेत २ जना (मनोनित सदस्य)
- गाउँ शिक्षा प्रमुख - सदस्य

२ उपदफा १ बमोजिम परिक्षा समितिको मनोनित सदस्यको पदावधि ३ बर्ष हुनेछ ।

३ समितिको वैठक सम्बन्धि व्यबस्था समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

४ सम्बन्धित विषयका विशेषज्ञलाई परिक्षा समितिले वैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

५ यस समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

- मापदण्ड तथा शर्त निर्धारण
- परिक्षा केन्द्र तोक्ने
- परिक्षा फल प्रकाशन
- प्रमाणपत्र दिने

- पारिश्रमिक निर्धारण
- अयोग्यतता भएमा र वाधा परेमा तुरुन्त आकस्मिक निर्णय गर्ने

## परिच्छेद -४

## गाउँ शिक्षा तथा वडा शिक्षा समिति, शिक्षक छनौट समिति, गाउँ शिक्षा अनुगमन समिति र गाउँ शिक्षा प्रमुख सम्वन्धी व्यवस्था

**१५. गाउँ शिक्षा समितिः**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि

देहाय बमोजिमको गाउँशिक्षा समिति रहने छ :

(क) गाउँपालिकाको अध्यक्ष -अध्यक्ष

(ख) गाउँ कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिका संयोजक -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) गाउँ कार्यपालिकाले तोकेका सभाका सदस्यहरु मध्येवाट एकजना महिला सहित २ जना -सदस्य

(ङ)समाजसेवी तथा शिक्षा प्रेमीहरू मध्येबाट एकजना दलित, एकजना महिला पर्ने गरी गाउँपालिकाले मनोनित गरेका ३ जना -सदस्य

(च) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँपालिकाले मनोनित गरेका १ जना -सदस्य

(छ) सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक मध्येबाट १ जना महिला पर्ने गरी गाउँपालिकाले मनोनित गरेका २ जना -सदस्य

(ज) गाउँ शिक्षा प्रमुख / शिक्षा हेर्ने अन्य कर्मचारी -सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(३) उपदफा (१) अन्तर्गतका मनोनित तथा अन्य सदस्यहरूले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिने छ । तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ ।

(४) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) गाउँपालिका भित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनको लागि अनुमति,स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई सिफारिस गर्ने,

(ग) विद्यालयहरूको लागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने,

(घ) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने परीक्षाहरूलाई मर्यादित, व्यवस्थित र भयरहित बनाउन सहयोग गर्ने,

(ङ) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका निजीस्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने,

(च) विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने,जागरुक र सचेत गराउने,

(छ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

(ज) अभिभावक र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने,

(झ) शिक्षाको गुणस्तर कायम राख्न सूचक विकास गर्ने, प्रगति मूल्याङ्कन गर्ने ।

(ञ) विद्यालयको सामाजिक परीक्षण गर्न लगाउने

(ट) शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरू निर्धारण गर्ने ।

(ठ) विद्यालयहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने ।

(ड) बालमैत्री विद्यालय सञ्चालन गर्न सहजिकरण गर्ने ।

(ढ) शैक्षिक संस्था र शिक्षासंग आवद्ध शिक्षक कर्मचारीहरूलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने गराउने ।

(ण) गाउँ शिक्षा समितिले गाउँपालिकाभित्र रहेका विद्यालयहरूमा स्वीकृत दरबन्दी वा अनुदानकोटा (राहतकोटा) र बालविकास केन्द्रका सहयोगि कार्यकर्तालाई करारमा शिक्षक/सहयोगि कार्यकर्ता राख्नु पर्ने भएमा शिक्षक छनौट समिति गठन गरी सो समितिले परीक्षा लिई योग्यताक्रमअनुसार करार सूची प्रकाशन गर्नेछ

(त) रिक्त रहेको स्वीकृत दरबन्दी वा अनुदानकोटा (राहतकोटा) मा सम्बन्धित विद्यालयले योग्यताक्रमअनुसार करार सूची अनुसार नियुक्ति गर्नु पर्नेछ ।

(थ) शिक्षक छनौट समितिको कार्यविधि गाउँ कार्यपालिकाले निर्माण गरी लागू गर्नेछ ।

(द) शिक्षक छनौट गर्ने कार्यको लागि विशेषज्ञको सूची प्रकाशन गर्ने ।

(ध) अन्य तोकिए बमोजिमका कार्यहरू गर्ने ।

## १६. वडा शिक्षा समितिः

(१) गाउँपालिकाका प्रत्येक वडामा ७ जना सदस्य रहेको वडा शिक्षा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ :

(क) वडा अध्यक्ष - अध्यक्ष

(ख) वडा समितिका सदस्यहरूमध्येबाट वडा समितिको बैठकले तोकेको एकजना -सदस्य

(ग) १ जना विद्यालयक प्रधानाध्यापक -सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट एकजना -सदस्य

(ङ) सम्बन्धित वडाभित्रका शिक्षाप्रेमीहरू मध्येवाट एकजना महिला सहित २ जना -सदस्य

(च) सम्बन्धित वडामा कार्यरत वडा सचिव -सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## १७. शिक्षक छनौट समिति

**शिक्षक तथा कर्मचारी छनौट समिति :**

१ सामुदायिक विद्यालयमा करारमा शिक्षक वा कर्मचारी नियुतिका लागि सिफारिस गर्ने प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ :

- विधालय व्यबस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य- अध्यक्ष
- सामाजिक विकास समिति संयोजक - सदस्य
- सम्बन्धित क्षेत्रको विद्यालय निरिक्षेक - सदस्य
- समितिले मनोनित गरेको विशेषज्ञ - सदस्य
- सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२ शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

३ शिक्षक तथा कर्मचारी छनौट समितिको वैठक सम्बन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

**१७ क. करार शिक्षक नियुक्ति सम्बन्धि व्यवस्था :**

१. स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकेको अवस्थामा तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यबस्थापन समितिले गाउँ शिक्षा प्रमुख मार्फत आयोगवाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ ।

२. उपनियम १ वमोजिम माग गरेको सूची प्राप्त भएपछि सुचिमा रहेको उम्मेदवार मध्ये योग्यताक्रमका आधारमा व्यबस्थापन समितिले वढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

३. उपदफा १ वमोजिम आयोगवाट प्रकाशित सुचिमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सुचिमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्ति हुन निवेदन नदिएमा व्यबस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्ने छ ।

४. (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शिक्षा शाखा बाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर शिक्षा शाखाको सहमतिमा विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

५. उपदफा ३ बमोजिम शिक्षक नियुक्ति गर्दा कम्तिमा १५ दिनको म्याद सहितको सार्बजनिक सूचना कम्तिमा एउटा राष्ट्रिय स्तरको पत्रिका लगायत सबै माध्यमवाट प्रकाशन गर्नुका साथै शिक्षा शाखा, वडा कार्यालय र सम्बन्धित विद्यालय समितिमा टाँस गर्नु पर्नेछ ।

६. दफा ३८ को उपदफा ५ र ६ हटाइएको ।

**१८. शिक्षा अनुगमन समिति:**

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय बमोजिमको शिक्षा अनुगमन समिति गठन हुनेछ :

(क) गाउँपालिका उपाध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाले तोकेको शिक्षा हेर्ने प्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य

(ङ) गाउँ शिक्षा प्रमुख/ गाउँपालिकाले तोकेको शिक्षा हेर्ने कर्मचारी - सदस्य सचिव

**(२) शिक्षा अनुगमन समितिका काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछन् :**

(क) विद्यालय नियमित सञ्चालन भए नभएको अनुगमन गर्ने,

(ख) तोकिए बमोजिम शिक्षक कर्मचारीहरूको उपस्थिति, तोकिएका कार्य र जिम्मेवारी पूरा भए नभएको हेर्ने,

(ग) विद्यार्थी भर्ना, टिकाउ र उत्तिर्ण एवम सिकाइ उपलब्धिको अवस्था अनुगमन गर्ने,

(घ) विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति बैठक तथा अभिभावक भेलामा सहभागी भै सल्लाह सुझावहरू प्रदान गर्ने,

(ङ) बार्षिक लेखापरीक्षण तथा सामाजिक परीक्षण तोकिएबमोजिम गर्न लगाउने,

(च) विभिन्न स्रोतबाट प्राप्त अनुदानको नियमअनुसार उपयोग भए नभएको अनुगमन गर्ने,

(छ) भौतिक संरचनाको निर्माण,प्रयोग, सुरक्षा एवम सम्बर्धनको अवस्था अनुगमन गर्ने,

(ज) प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यक्षमताको मूल्याङकन गरी दण्ड वा पुरस्कारको लागि गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(झ) विद्यालयको भौतिक, शैक्षिक तथा आर्थिक अवस्थाको मूल्याङकन गरी आवश्यक अनुदान सहयोगको लागि गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(ञ) अनुगमन सूचकाङ्कहरू तयार गरी गाउँ शिक्षा समितिबाट पारित गराई कार्यान्वयनमा ल्याउने,

(ट) गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनको लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने र गाभ्ने

सम्बन्धी गाउँ शिक्षा समितिलाई वडा शिक्षा समितिको परामर्शमा सिफारिस गर्ने,

(ठ ) शिक्षा अनुगमन समितिले गरेको अनुगमनको प्रतिवेदन गाउँ शिक्षा समिति समक्ष पेश गर्नु पर्ने

**१९. गाउँ शिक्षा प्रमुखः**

(क) गाउँपालिकामा शिक्षा हेर्ने एकजना अधिकृत शिक्षा शाखा प्रमुख हुनेछन् ।

(ख) शिक्षा प्रमुखका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) शिक्षा सम्बन्धी स्थानीय योजना गाउँ सभाबाट पारित गराई कार्यान्वयन गर्ने गराउने,

(२) स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने

(३) विद्यालय जाने र विद्यालय बाहिर रहेका बालबालिकाको खण्डीकृत शैक्षिक तथ्याङ्क अद्यावधिक गरी तथा

गर्न लगाई प्रदेश तथा केन्द्रमा नियमित रुपमा पठाउने ,अद्यावधिक गर्ने गराउने,

(४) विद्यालय सञ्चालन तथा शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि स्रोतको बाँडफाँड गर्ने गराउने,

(५) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने

(६) सेवा क्षेत्रभित्रका विद्यालय नक्साङ्कन गरी सोको आधारमा विद्यालय खोल्न अनुमति प्रदान गर्ने, कक्षा थप गर्ने, विद्यालय सार्ने, दुई वा दुई भन्दा बढी विद्यालय एक आपसमा गाभ्ने, विदालयको नाम परिवर्तन गर्ने,

(७) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीको पदस्थापन, सरुवा तथा बढुवा सम्बन्धी कार्य गर्ने, स्वीकृत दरवन्दी अनुसार तलब भत्ता निकाशा गर्ने,

(८) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने, विद्यालयले स्वीकृत गर्ने बाहेकका अन्य विदाहरू स्वीकृत गर्ने,

(९) बार्षिक रुपमा विध्यार्थी सङख्याको अनुपातमा शिक्षक कर्मचारी दरबन्दी मिलान गर्ने, विद्यालयहरूमा न्यूनतम शिक्षक दरबन्दी उपलब्ध गराउने व्यवस्था गर्ने,

(१०)विद्यालयहरूको समूह विभाजन गरी स्रोतकेन्द्र निर्धारण गर्ने र स्रोतकेन्द्रबाट विदालयको निरीक्षण,शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने गराउने,

(११) विद्यालयको गुणस्तर बढाउन प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिती, अभिभावक तथा अन्य

सरोकारवालाहरूको नियमित रुपमा बैठक,गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

(१२) आधारभूत तहको परीक्षा व्यवस्थापन गर्ने, विद्यार्थी सिकाई उपलब्धि परीक्षण गर्ने र व्यवस्थापन गर्ने,

विद्यार्थी प्रोत्साहन तथा छात्रवृति व्यवस्थापन गर्ने,

(१३) शिक्षा सम्बन्धी कार्यगर्दा प्रमुख प्रशासकिय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको

अधिनमा रही कार्य सम्पादन गर्ने ।

## परिच्छेद -५

## विद्यालय व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

**२०. विद्यालय व्यवस्थापन समितिः**

(१) सामुदायिक विद्यालयको सञ्चालन,व्यवस्थापन र रेखदेख गर्नको लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

क. विद्यालय व्यबस्थापन समितिको अध्यक्ष उपदफा १ को खण्ड ख, ग तथा घ मध्येबाट विद्यालय व्यबस्थापन समितिले सिफारिस गरेको व्यक्ति हुनेछ । अध्यक्ष छनौट नभएसम्म

समितिको जेष्ठ सदस्यले अध्यक्षको कार्यभार समाल्ने छन् । अध्यक्ष अनुपस्थित भएमा समितिले तोकेको सदस्यले अध्यक्षता ग्रहण गर्नेछ ।

(ख) अभिभावकले आफूहरू मध्येबाट छानी पठाएका दुईजना महिला सहित चार जना -सदस्य

(ग) विद्यालय रहेको गाउँपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिका सदस्यहरूमध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य -सदस्य

(घ) विद्यालयका संथापक,स्थानीय बुद्धिजीवी,शिक्षाप्रेमी, विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित २ जना – सदस्य

(ङ) विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छनौट गरी पठाएको १ जना शिक्षक -सदस्य

(च) विद्यालयका प्रधानाध्यापक – सदस्य सचिव

(२) प्राबिधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसंग आबद्धहरू मध्ये शिक्षासमितिले मनोनित गरेका एक जना सदस्य रहनेछन् ।

(३) विषेश शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन् ।

(४) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन गाउँशिक्षा समिति स्वयंले गर्नेछ ।

(५) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) संस्थागत विद्यालयको सञ्चालन,व्यवस्थापन र रेखदेख गर्नको लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका

सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्वन्धित विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिबाट मनोनित भएका व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ जना महिला सहित २ जना –सदस्य

(ग) स्थानिय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको एकजना –सदस्य

(घ) सम्बन्धित विद्यालयका शिक्षकहरूमध्येबाट छानी पठाएका १ जना शिक्षक –सदस्य

(ङ) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरूमध्येवाट वडा समितिको सिफारिसमा गाउँ शिक्षा समितिले मनोनयन गरेको एकजना –सदस्य

(च) गाउँ शिक्षा प्रमुख – सदस्य

(छ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

(७) उपदफा (१), (२) र (३) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि ३ वर्षको हुनेछ।

त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा गाउँशिक्षा समितिले निजलाई

जुनसुकै बखत पदबाट हटाउन सक्ने छ। तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि

आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन।

(८) सामुदायिक विद्यालयको विद्यालयव्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लागत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको

आधारमा विद्यालयको वातावरण विगार्न नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने,

(छ) शिक्षकसेवा आयोगले लिएको परिक्षामा सफल भई सिफारिस भएको शिक्षकलाई विद्यालयमा हाजिरी गराउने,

(ज) गाउँपालिकाबाट स्वीकृत दरबन्दीका कर्मचारीको व्यवस्थापन गर्ने,

(झ) शिक्षकसेवा आयोगको करार सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रमको आधारमा करार नियुक्ति दिई काममा लगाउने,

(ञ) शिक्षकसेवा आयोगको करार सूचीमा रहेका उम्मेदवार नआएमा गाउँपालिकाले लिएको शिक्षक छनौट परीक्षाबाट प्रकाशित करार सूचीको योग्यताक्रमको आधारमा करार नियुक्ति दिई काममा लगाउने,

(ट) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कार्यवाही गर्ने र त्यसको प्रतिवेदन गाउँशिक्षा समितिमा पेश गर्ने,

(ठ) तोकिए बमोजिमका क्षेत्रसंग सम्बन्धित गाउँपालिका र गाउँशिक्षा समितिले दिएका निर्देशनहरूको पालन गर्ने,

(ड) विद्यालयको आन्तरिक स्रोतवाट खर्च ब्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, सर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाहरूको व्यवस्था गर्ने ,

(ढ) शिक्षक तथा कर्मचारीहरूलाई तोकिए बमोजिमका कार्यवाही गर्ने ,

(९) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल ,अचल सम्पत्तिको लागत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक ,भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागु गर्ने,

(च) प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुने योग्यता पुगेका व्यक्तिलाई शिक्षक पदमा

नियुक्ति गर्ने,

(छ) गाउँपालिकाले तोके बमोजिमको न्यूनतम तलव स्केलमा नघटाई शिक्षकलाई तलब खुवाउने,

(ज) अनुशासनहीन शिक्षक तथा कर्मचारीहरूलाई कार्यवाही गर्ने,

(झ) शिक्षा ऐन , नियमावली तथा अन्य कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिबाट जारी

शिक्षासँग सम्बन्धित सबै निति नियम, कार्यविधि, निर्देशिका र निर्देशनहरूको पालन गर्ने गराउने,

(ञ) शैक्षिकगुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धि व्यवस्था

तोकिए बमोजिम हुनेछ ।

(१०) विद्यालय व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२१. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः**

(१) कुनै व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको भनी गाउँ शिक्षा समितिले कारणसहित
गाउँपालिका कार्यालयमा सिफारीस गरेमा सोको कारण खुलाई गाउँपालिकाले तोकिएको प्रक्रियापूरा गराई विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ। तर यसरी विघटन गर्नु
अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाईपेश गर्ने मनासिव मौका दिइने छ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति
गठन नभएसम्म वा अन्यकुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय
व्यवस्थापन समितिको काम गर्न गाउँपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

२२. **विद्यालय सञ्चालन कार्यविधि :** (१) यो ऐन वा प्रचलित कानुनको अधिनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको कार्यविधि अभिभावक भेलाबाट पारित गराई लागु गर्नु पर्नेछ।

(२) अभिभावक भेलाले आवश्यकता अनुसार कार्यविधि संसोधन गर्न सक्नेछ।

(३) कार्यविधि अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ।

(४) अध्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट ७ दिनभित्र व्यवस्थापन समितिले
गाउँपालिका कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) विद्यालयको कार्यविधि सार्वजनिक दस्तावेज हुनेछ ।

## परिच्छेद -६

## कोष, अनुदान, शुल्क तथा छात्रवृत्ति, विद्यालय सम्पत्ती, विद्यालयलाई छुट र सुविधा सम्वन्धि व्यवस्था

**२३. शिक्षा विकासकोष :**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यायलयमा शैक्षिक
गुणस्तर अभिवृद्धि गर्न गाउँपालिकामा एउटा गाउँ शिक्षा विकासकोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कूल आम्दानी मध्ये तोकिए बमोजिमको रकम

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**२४. कोष सञ्चालक समिति :**

(१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सञ्चालक समितिको काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धि कार्यविधि
तोकिए बमोजिम हुनेछ ।

**२५. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो
कोषमा दाखिल हुनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) गाउँपालिका शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्यस्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

**२६. अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिंदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले समुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) समुदायिक विद्यालयलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउनेछ ।

**२७. प्रारम्भिक बालविकास केन्द्रलाई अनुदान दिन सक्नेः**

गाउँपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

**२८. शुल्क सम्वन्धि व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि किसिमको शुल्क लिन पाउनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बालबालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेक अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसंग शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीहरूलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले आफ्नो भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीहसँग कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृत दिंदा गाउँपालिकाले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा गाउँपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई गाउँपालिकाले पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**२९. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :**

गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरूलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**३०.. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयहरूले भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, दलित, द्वन्दपिडित, अभिभावक गुमाएका, सिमान्तकृत तथा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न विद्यालयले एउटा विद्यार्थी छनौट समिति
गठन गर्नेछ ।

**३१. विद्यालयको सम्पत्ति :**

(१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम बेच बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षाकोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्था सँग दान दातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको सिफारिसमा स्वीकृती लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघसंस्थावाट त्यसरी चल,अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृती लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतीमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचविखन गर्न पाइने छैन ।

**३२. विद्यालयलाई छुट र सुविधाः**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा संचालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको वाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोके बमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा संचालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -७

## दरवन्दी मिलान, शैक्षिक योग्यता, नियुक्ति र सरुवा सम्वन्धी व्यवस्था

**३३. दरबन्दी मिलान :**

आवश्यक मापदण्डसहित विद्यार्थी/शिक्षक अनुपात निर्धारण गरी गाउँ शिक्षा समितिले दरबन्दी मिलान गर्ने कार्य गर्ने छ ।

**३४. शैक्षिक योग्यता :**

विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**३५. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :**

गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**३६. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयलको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनिक सम्बन्धि कममा बाहेक अन्य  काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी नेपाल सरकार वा गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३७. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :**

(१) दफा (४२) मा उल्लेख भएका कुनै आरोप वा केही आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त  भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षक वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनःबहाली भएको मिति सम्मको पूरा तलब ,भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

**३८. शिक्षकको नियुक्ति र सरुवा :**

(१) विद्यालयमा रिक्त अस्थायी, करार, अनुदानकोटा (राहत) र बाल विकास केन्द्रको सहयोगि कार्यकर्ताको नियुक्तिको व्यवस्था  तोकिए बमोजिम हुनेछ ।

(२) गाउँपालिकाभित्र सरुवाको लागि निवेदन दिने स्थायी, अस्थायी ,करार, अनुदानकोटा(राहत) मा कार्यरत शिक्षकले सरुवा भएर जाने र आउने दुबै विद्यालयका व्यवस्थापन समितिको सहमती लिएमा कक्षा

सञ्चालनमा बाधा नपर्ने गरी गाउँशिक्षा समितिले तोकिए बमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै विद्यालयमा निरन्तर ५ बर्षसम्म सेवा गरेका शिक्षकहरूलाई गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिको सहमति नलिई गाउँपालिका भित्रका एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(४) शिक्षकसेवा आयोगबाट सफल भई सिफारिस भएका शिक्षकलाई विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काममा लगाउनु पर्नेछ ।

(५) शिक्षकसेवा आयोगबाट प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवार उपलब्ध नभएका गाउँशिक्षा समितिले प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवारलाई गाउँपालिका भित्र रिक्त रहेको दरबन्दी/राहत कोटामा योग्यताक्रम अनुसार करार नियुक्ति दिई सम्बन्धित विद्यालयमा काममा लगाउन सक्नेछ ।

(६)करार सूचीमा सिफारिस उम्मेदवारलाई नियुक्ति गर्दा शिक्षकसेवा आयोगबाट प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवारलाई पहिलो प्रथमिकता दिई शिक्षकसेवा आयोगबाट प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवार सम्पर्कमा नआएमा मात्र गाउँ शिक्षा समितिले प्रकाशित करार सूचीमा सिफारिस उम्मेदवारलाई गाउँपालिका भित्र रिक्त रहेको दरबन्दी/राहत कोटामा योग्यताक्रम अनुसार तहगत विषयगत करार नियुक्ति दिई सम्बन्धित विद्यालयमा काममा लगाउन सक्नेछ ।

**३९. तलबभत्ता नपाउने र सेवा अवधि गणना नहुने :**

दफा (३६) मा उल्लेखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैनन् र सो अवधि सेवामा गणना समेत हुनेछैन ।

**४०. प्रध्यानध्यापक तथा कर्मचारी सम्वन्धि व्यवस्थाः**

(१) प्रत्येक सामुदायिक विद्यालयमा गाउँपालिकाले स्वीकृत गरे बमोजिमको प्रधानाध्यापक र कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवासर्त र सुविधा सम्बन्धि
व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## ४१. स्थायी आवासीय अनुमति लिन नहुने:

सामुदायिक विद्यालयलमा कार्यरत कुनै शिक्षक वा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिएका शिक्षक वा कर्मचारीलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

## ४२. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :

(१) सामुदायिक विद्यालयलका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न तोकिए बमोजिमको एक शिक्षक महासंघ रहनेछ ।

(२) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिस गर्नेछ :

(क) तोकिए बमोजिम पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवनगरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयलका शिक्षकहरू वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य

व्यवसायिक क्रियाकलाप गरेमा ,

(च) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको पाइएमा,

(छ) शिक्षक वा कर्मचारीले व्यवसायिक हक हितका नाममा छद्म रुपमा अमूक राजनैतिक दलको मात्र हित

वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिने छ ।

**स्पष्टीकरण :** यस खण्डको प्रयोजनको लागि कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनु पर्दछ ।

## परिच्छेद-८
## विविध

**४३. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्नेः**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र

कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए

बमोजिम हुनेछन् ।

**४४. बालबालिकाहरूलाई निश्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निस्कासन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइनेछैन ।

**४५. प्रगति विवरण बुझाउनु पर्नेः**

संस्थागत विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँशिक्षा समिति समक्ष बुझाउनु पर्नेछ ।

**४६. दण्ड सजायः**

१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको

मात्रा हेरी कानुनले तोकेबमोजिम सजाय हुनेछः

(क) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षाकेन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श, ब्रिजकोर्ष, कोचिङ्ग कक्षा, ट्यूसन सेन्टर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(ज) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(झ) कानुन विपरीतका अन्य कार्य गरेमा ।

(३) कानुन बमोजिमको कसूरको सम्वन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा

जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको अन्तिम फैसला नभएसम्म निलम्बन हुनेछन् । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिने छ ।

**४७. पुनरावेदन :**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

**४८. गाउँपालिकाले निर्देशन दिन सक्ने:** (१) गाउँपालिकाले तोकिएको क्षेत्रसंग सम्वन्धित आवस्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिमको दिइएको निर्देशन पालन गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**४९. लेखापरिक्षण सम्बन्धी व्यवस्था**

गाउँपालिकाले प्रचलित कानुनको अधिनमा रही स्वीकृत रजिष्टर्ड लेखापरीक्षक छनौट गरी गाउँपालिका भित्रका विद्यालयहरुको बार्षिक लेखापरीक्षण गराउनेछ ।

**५०. नियम बनाउने अधिकार :**

(१) यस ऐन को उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक शिक्षा नियमावली बनाउन सक्नेछ ।

(२) यस ऐन को कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशन तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

**५१. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेका दरबन्दीमा विज्ञापनको अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

**५२. बाधा अडकाउ फुकाउने अधिकार :**

यस ऐन को उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐन मा परे सरह मानिनेछ ।

**५३. बचाउ र लागू नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस  ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना मिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कार्यवाही चलाउन बाधा पर्ने छैन ।

(३) संविधान, संघीय र प्रादेशिक कानुनसँग बाझिएको यस  ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म  स्वतः निस्क्रीय हुनेछ ।

(४) यस अघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिँइदै आएको सुविधामा कुनै किसिमको  कटौती गरिने छैन । तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड,सजाय कार्यवाही गर्न बाधा पर्ने छैन ।

**आज्ञाले**
**शैलेन्द्र भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**

**इन्द्रसरोवर गाउँपालिका मकवानपुरको शिक्षा ऐन, २०७५**
**मुल्य रु. १५**